**तह वृद्धिको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना !!**

प्रकाशित मिति २०८१/०८/२५ ने.सं.: ११४५ थिंलाथ्व १०, मंगलवार

उपरोक्त विषयमा लिखु गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिको लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा ५ र दफा २७ को उपदफा १ र २ को व्यवस्था बमोजिम योग्यता पुगेको कर्मचारीहरुले यो सूचना प्रकाशन गरिएको मितिले ३० (तीस) दिन भित्र (मिति २०८१/०९/२४ गते) तह वृद्धिको लागि तपसिलमा उल्लेखित कागजात सहित संलग्न ढाँचामा यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

१. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,
२. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,
३. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,
४. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि (समायोजन भएको कर्मचारीको हकमा),
५. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
६. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाण पत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र) ।

अर्जुन कुमार राउत
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन कुमार राउत
प्रमुख प्रशासकीय अधिकृत

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
यसम, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

मिति:........................

ने.सं.:........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लिखु गाउपालिका गाउँ कार्यपालिकाको कार्यालय, यसम
ओखलढुंगा।

विषय: तह वृद्धि गरी पाँउ।

प्रस्तुत विषयमा यस कार्यालयको तह वृद्धि सम्बन्धी मिति ........................गते प्रकाशित सूचना अनुसार हाल म तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु।

तपसिल:

१. पछिल्लो तिन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,
२. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,
३. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,
४. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,
५. विभागीय सजाय नयाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयको गरेको सिफारिस पत्र,
६. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाण पत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

| हाल कार्यरत: | तह वृद्धि गर्ने: |
|---|---|
| पद: | पद: |
| सेवा/समूह: | सेवा/समूह: |
| तह: | तह: |
| कार्यालय: | कार्यालय: |

(माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला।)

**निवेदक**

नाम:

दस्तखत:

क.सं. नम्बर:

कार्यरत कार्यालय: